# सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
# आठौं वार्षिक साधारण सभाको
# काम कारवाहीको विवरण
# (माइन्यूट)

## १. वैधानिक सभा

कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम बैंकको आठौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष प्रदीपजङ्ग पाण्डेज्यूको सभापतित्वमा तल उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल तथा देहाय बमोजिम निर्णय भयो ।

## २. सभाको मिति, स्थान र समय

मिति :- २०७१ साल आश्विन १५ गते (अक्टोबर ०१, २०१४), बुधबार
स्थान :- अमृत भोग, कालिकास्थान, डिल्लीबजार, काठमाण्डौं
समय :- विहान: ८.०० बजे

## ३. सभाको सूचना

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम बैंकको आठौं वार्षिक साधारण सभाको सूचना तथा सभामा छलफल हुने विषयहरु सम्बन्धी सम्पूर्ण प्रस्तावहरु सबै शेयरधनीहरुको व्यक्तिगत ठेगानामा पठाउनुको साथै नेपाल टेलिभिजन, कान्तिपुर टेलिभिजन, र कान्तिपुर एफ. एम मार्फत २०७१/०५/२६ मा सुचना प्रकाशित गरिएको थियो । साथै, २०७१/०५/२७ गते कारोवार राष्ट्रिय दैनिक पत्रिकामा र २०७१/०५/२८ तथा २०७१/०५/२९ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयको सुचना पनि शेयरधनी महानुभावहरुमा जानकारीको लागि प्रकाशित गरिएको थियो ।

## ४. छलफलको विषयहरु

### क. साधारण प्रस्तावहरु

१. आ.व. २०७०/७१ को संचालक समितिको वार्षिक प्रतिवेदन छलफल गरि पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदनसहित २०७१ आषाढ मसान्तको वासलात र मिति २०७०/०४/०१ देखि २०७१/०३/३२ सम्मको नाफा नोक्सानीको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरि पारित गर्ने ।

३. संचालक समितिबाट प्रस्ताव गरे अनुसार ५.९५ प्रतिशत (बोनश शेयर मा लाग्ने कर समेत) का दरले नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

४. बैंकको आर्थिक वर्ष २०७०।७१ का हरहिसाबहरू लेखापरीक्षण गर्नको लागि श्री जे. सन्तोष एण्ड कम्पनी, चार्टड एकाउन्टेन्टस्लाई लेखापरीक्षकको रूपमा नियुक्त गरिएकोमा निजले लेखापरीक्षण कार्य गर्न असमर्थता व्यक्त गरेको हुंदा बैक तथा वित्तीय सस्थासम्बन्धी ऐन २०६३ को दफा ६५ अनुसार संचालक समितिको मिति २०७० चैत्र ३ मा वसेको वैठक नं १४२ वाट बैंकको आर्थिक वर्ष

२०७०।७१ का हरहिसाबहरू लेखापरीक्षण गर्नको लागि श्री के.के. बुढाथोकी एण्ड एसोसिएटस्, चार्टड एकाउन्टेन्टस्लाई लेखापरीक्षकको रूपमा गरिएको नियुक्तीलाई अनुमोदन गर्ने र कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७१र७२ को लेखापरीक्षण गर्न लेखा परीक्षण समितिको सिफारिसमा लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख. बिषेश प्रस्तावहरु**

१. संचालक समितिवाट प्रस्ताव गरे बमोजिम १३ प्रतिशत वोनस शेयर वितरण गर्ने र यसरी वोनस शेयर वितरण गर्दा कुनै शेयरधनीले पाउने वोनस शेयर खण्डिकृत हुन आएमा नपुग रकम सम्बन्धीत शेयरधनीले पाउने नगद लाभांशबाट कट्टा गरी वा नगदै जम्मा वा भुक्तानी गरी विद्यमान ५१:४९ पूँजी संरचना परिवर्तन नहुने गरि पूर्णकृत शेयर जारी गर्ने ।

२. प्रस्तावित बोनश शेयर जारी भए पश्चात पूँजी वृद्धि हुने भएकोले सोही बमोजिम बैंकको प्रवन्ध पत्र तथा नियमाबली संसोधन गर्न अनुमति लिनु पर्ने निकायहरुवाट प्राप्त हुन आउने निर्देशन वमोजिम थप घट लगायत आवश्यक संसोधन गर्न संचालक समितिलाई अख्तियार प्रदान गर्ने ।

**ग. विविध**

**५. उपस्थिति**

**५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु**

| | | |
|---|---|---|
| १. | श्री प्रदीपजङ्ग पाण्डे | अध्यक्ष |
| २. | श्री बालकृष्ण प्रसाई | व्यवसायिक सञ्चालक |
| ३. | श्री प्रकाश चन्द्र मैनाली | सञ्चालक |
| ४. | श्री पवित्र कुमार कार्की | सञ्चालक |
| ५. | श्री अर्जुनलाल राजबंशी | सञ्चालक |
| ६. | श्री विजय ध्वज कार्की | सञ्चालक |

**५.२ अन्य पदाधिकारीको उपस्थिति**

| | | |
|---|---|---|
| १. | श्री राजन सिंह भण्डारी | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री गणेश राज पोखरेल | कम्पनी सचिव |

**५.३ शेयरधनीहरुको उपस्थिति**

| | | |
|---|---|---|
| १. | स्वयम् उपस्थित हुने शेयरधनीको संख्या : | ४६३ |
| २. | प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयर धनी संख्या : | १३१ |
| ३. | जम्मा उपस्थित संख्या : | ५९४ |

६. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)

| विवरण | कूल संख्या | जम्मा उपस्थिति | कूल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या | ५९,८६९ | ५९४ | ५४.९१ प्रतिशत |
| समूह "क" अन्तर्गत उप-समूह १,२,३,४,५ | २३० | ७२ | ४२.५८ प्रतिशत |
| सर्वसाधारण समूह "ख" समूह | ५८,७२२ | ४७१ | १.७३ प्रतिशत |
| सर्वसाधारण समूह "ख१" समूह | ९१७ | ५१ | १०.६० प्रतिशत |
| शेयरधनीहरुले ग्रहण गरेको कूल शेयर कित्ता | २,१०,१८,४० | | १००.०० प्रतिशत |

७. **सभाको वैधानिकता र सभाको सभापतित्व**

७.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकको आठौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या ४६३ भएको र प्रोक्सी मार्फत १३१ गरि कुल शेयरको ५४.९१ प्रतिशत प्रतिनिधित्व भएको हुंदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

७.२ बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने कुरा कम्पनी सचिवले जानकारी गराउँदै विहान ८:०० बजे अध्यक्ष प्रदीपजङ्ग पाण्डेज्यूको सभापतित्वमा बैंकको आठौं वार्षिक साधारण सभा शुरु गर्न अनुरोध गर्नुभयो ।

७.३ सभाका सभापतिले सभा सञ्चालन गर्नु पूर्व उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्नुभयो र सभाको कार्य अगाडि बढाउनु भयो ।

८. **वार्षिक साधारण सभाको प्रस्तुती :**

१. सभाका अध्यक्षज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आ.व.२०७०।७१ को सञ्चालक समितिको प्रतिवेदन अध्यक्षज्यूले सभामा पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नुभयो ।

२. तत्पश्चात् अध्यक्षज्यूले सभा समक्ष लेखा परीक्षकको प्रतिवेदन सहितको २०७१ आषाढ मसान्तको वासलात, २०७०।०४।०१ देखि २०७१।०३।३२ सम्मको नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाडफाडं हिसाव र नगद प्रवाह विवरण सहितका सम्पूर्ण वित्तीय विवरणहरु छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो ।

## ९. छलफलको लागि आह्वाान र सहभागी शेयरधनी महानुभावहरु

९.१ बैंकको आ.व. २०७०।७१ को वार्षिक प्रतिवेदन, २०७१ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७०।७१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात् देहायका शेयरधनीहरुले छलफलको क्रममा प्रत्यक्ष रुपले सहभागी हुँदै देहाय अनुसार जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

९.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम

१. अमृत नाथ रेग्मी
२. व्यास कुमार शर्मा
३. इन्द्र कृष्ण श्रेष्ठ
४. डा. माधव कुमार श्रेष्ठ
५. रोज कुमार श्रेष्ठ
६. महेन्द्र बहादुर श्रेष्ठ
७. भक्ति प्रसाद उप्रेती
८. नरसिंह लाल चखूँ
९. शिव प्रसाद शर्मा
१०. कृष्ण कश्चप
११. डमरु बल्लभ घिमिरे
१२. ईश्वर दास कर्माचार्य
१३. रामगोपाल मर्हजन
१४. बैंजु नाथ रौनियार
१५. लवराज जोशी
१६. चन्द्र नारायण श्रेष्ठ
१७. नारायण दास श्रेष्ठ

## १०. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुले सामूहिक रुपमा व्यक्त गर्नुभएका सराहना, जिज्ञासा, सुझाव तथा मन्तव्य

आ-आफ्नो मन्तव्य प्रकट गर्ने क्रममा शेयरधनीहरुले सर्वप्रथम बैंकका अध्यक्ष तथा संचालक र व्यवस्थापनलाई धन्यवाद दिनुभयो र बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो । बैंकको संचालक समितिद्धारा प्रस्तुत गरिएको वार्षिक प्रतिवेदन माथि टिप्पणी गर्दै बैंकबाट भए गरिएको कार्यहरुको मुल्याङ्कन गरि राम्रा कामको सराहना तथा देखिएका कमी कमजोरीहरु औंल्याउदै आगामी दिनहरुमा सुधार गर्दै लैजानु पर्ने कुरामा जोड दिनु भयो । बैंकको हितको लागी शेयरधनीहरुले आ-आफ्नो तर्फबाट सुझाबहरु प्रस्तुत गर्नुभयो । बैंकसँग संलग्न सबै पक्षलाई धन्यवाद दिनुभयो । साथै, बैंकिंग व्यवसायको नयाँ क्षेत्र पहिचान गरि उक्त क्षेत्रमा सेवा विस्तार गरि वित्तीय व्यवसायलाई अझ अगाडी बढाउदै लैजानु पर्ने कुरामा जोड दिनुभयो । साथै, यस वर्षको मुनाफाबाट दिइएको लाभाशंमा बोनश शेयरको हिस्सा धेरै भएको कुराको सराहना गर्दै, आगामी वर्षमा लाभांश वितरण अझै बढाउनु पर्ने कुरामा प्राय सबै शेयरधनी वक्ताहरुले बैंकको संचालक समितिको ध्यानाकर्षण गराउनुभयो ।

## ११. छलपलमा सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतीकरण

छलफलको क्रममा शेयरधनी वक्ताहरुले व्यक्त गर्नु भएको मन्तव्यलाई तल प्रस्तुत गरिएको छ ।

### १. अमृत नाथ रेग्मी

यस बैंकको १२ वाणिज्य बैंकहरुसँग तुलना गर्दा दोश्रो वरियता समूहमा परेको जानकारी गराउनु भयो । दोश्रो वरियता समूह मा ५० करोड देखी १०० करोड सम्म नाफा गर्ने बैंकहरु पर्दछन र हाम्रो बैंकले यस समुहमा भर्खरै मात्र प्रवेश गरेको देखिन्छ । उहाँले यस बैंकको बलियो तथा कमजोर पक्षलाई औंल्याउनु भयो । मुनाफा उत्साहजनक हुँदा हुँदै पनि, १२ बैंकहरु सँग तुलना गर्दा यस बैंकको लगानी सबै भन्दा कम देखिएकोले लगानीमा थप जोड दिनुपर्ने कुरामा जोड दिनुभयो । बैकले आगामी दिनहरुमा निक्षेप बढाउनुको साथै ट्रेजरी बाट प्राप्त हुने मुनाफामा पनि वृद्धि गनुपर्ने भन्नुभयो । बैकले ६ अर्ब नयाँ ऋण कर्जा प्रवाह गरेकोमा बैंकको ब्याज आम्दानी जम्मा १० करोडले बढेको पाईयो, जुन धेरै नै कम रहेको छ । कर्मचारी तथा अन्य संचालन खर्च धेरै रहेकोले आम्दानी अलि कम भएको देखिन्छ । बैंकहरुले लिने वित्तीय शुल्कहरु अलि कम भएको देखिन्छ । बैंकको निष्क्रिय कर्जा गत बर्षको तुलनामा अलि बढेको पाईयो जुन कम गर्नुपर्ने देखिन्छ, तर नविल बैंक, ग्लोबल आइएमई बैंक तथा हिमालयन बैंकको निष्क्रिय कर्जा यस बैंकको हाराहरीमा रहेकोले प्रतिस्पर्धात्मक नै देखिन्छ । ८ प्रतिशत भन्दा कम आधार दर रहेका २ वटा वाणिज्य बैंकहरु मध्येमा यस बैंकको ८ प्रतिशत आधार दर हुनु बैंकको राम्रो पक्ष मान्नु पर्दछ ।

### २. व्यास कुमार शर्मा

अध्यक्षज्यू , संचालक समिति तथा अन्य उपस्थित साथी भाईहरुलाई स्वागत गर्दै साधारण सभामा बोल्न पाउनु भएकोमा खुसी लागेको कुरा वहाँले व्यक्त गर्नुभयो । प्राथमिक शेयर जारी गरेको प्रथम बर्ष बाट नै प्रतिफल दिदै आईरहेको र आगामी दिनमा पनि राम्रो प्रतिफल यस बैंकले दिनेछ भन्ने चाहना व्यक्त गर्नुभयो । वार्षिक प्रतिवेदनको विश्लेषण गर्दा सबै कुरा राम्रो देखिएको छ । Reserve पनि १० करोड ले बढेको देखिन्छ र वासलात को आकार पनि राम्रो देखिन्छ । खुद आम्दानी बढेतापनि संचालन खर्च पनि बढेको छ । १ बर्ष भित्रमा ८.५ करोड ले आम्दानी बढ्नु निकै नै प्रशंशनीय कुरा हो । बैंकको व्यवस्थापनपनि पनि निकै नै राम्रो छ । कमिशन, डिस्काउन्ट तथा रेमिटेन्सबाट प्राप्त आम्दानी बढेको देखिन्छ । प्रमुख वित्तीय सुचांकहरु सबै सकारात्मक नै देखिन्छ । न्यु प्रोडक्ट विकासमा पनि बैंकले राम्रो नै गरिरहेको छ । आजका दिनसम्म यस बैंकको नराम्रो कुराहरु केही सुन्नमा आएको छैन र यस बैंकको प्रगति निरन्तर रुपमा हुदै जाओस भन्दै आफ्नो मन्तव्य टुंग्याउनु भयो ।

### ३. ईन्द्र कृष्ण श्रेष्ठ

अध्यक्षज्यू लगायत उपस्थित सम्पुर्ण महानुभावहरुलाई धन्यवाद दिदै वहाँले आफ्नो मन्तव्य शुरु गर्नुभयो । आठौं वर्षिक साधारण सभा फुलपातीको दिनमा परेता पनि राम्रो हिसाबले भएको कुरा व्यक्त गर्नुभयो । बैंकले ५.९५ प्रतिशत नगद लाभांश र १३ प्रतिशत बोनश शेयर वितरण गर्न लागेकोमा धन्यवाद दिदै आजै लाभांश वितरण गर्ने कुरा पनि निकैनै प्रशशंनीय रहेको बताउनुभयो । संचालन मुनाफा १३.४९ प्रतिशतले वृद्धि भएकोमा बधाई दिनुका साथै २०.५३ प्रतिशतले खुद मुनाफामा वृद्धि भएको पनि निकैनै प्रशंशनीय रहेको बताउनुभयो ।

### ४. डा. माधव कुमार श्रेष्ठ

सभामा उपस्थित सम्पुर्ण महानुभावहरुलाई स्वागत गर्दै १३ प्रतिशत बोनश शेयर र ५.९५ प्रतिशत नगद लाभांश दिएकोमा धन्यवाद प्रकट गर्नुभयो । बैंकको प्रगतिमा बाह्य तत्वहरुले असर पार्ने भएकोले त्यस्ता तत्वहरुलाई

औल्याँउदै सकारात्मक बनाउनु पर्ने देखिन्छ । बैंकको प्रगतिको लागी सफल संस्थागत सुशाशन हुनुपर्ने हुनाले यसलाई सधै सकारात्मक राख्न बैंक तत्पर रहनु पर्दछ । यस बैंकको संचालक समितिमा निकै नै सफल व्याक्तित्वहरु रहनुभएको छ । यस बैंकले भोलिको चुनौतीहरुलाई मध्यनजर गर्दै संस्थाको प्रगतिको आशा गर्दै, बैंकको निरन्तरताको लागी संचालक तथा व्यवस्थापनलाई हार्दिक धन्यवाद दिनु भयो ।

**५. रोज कुमार श्रेष्ठ**

बैंकिगं क्षेत्रमा समयमानै साधारण सभा गर्नेमा दोश्रो वाणिज्य बैंक भएकोमा बधाई दिदै वहाँले आफ्नो मन्तव्य शुरु गर्नुभयो । साधारण सभा समयमानै गर्ने वित्तीय संस्थाहरु मध्ये नमुनाको रुपमा यस बैंकलाई लिन सकिन्छ । शेयरधनीहरुलाई लाभांश आजनै वितरण गर्ने कुरा निकैनै स्वागत योग्य रहेको बताउनुभयो । गत वर्षको तुलनामा वासलात आकारको अनुपातमा खुद मुनाफामा वृद्धि नभएतापनि खुद मुनाफामा वृद्धि प्रशंशनीय रहेको बताउनुभयो । आन्तरीक तथा बाह्य लेखापरीक्षकले बैंकलाई खुसी पार्ने काम मात्र नगरेर यथार्थ स्थिति औंल्याउने कार्य गर्नु पर्दछ । लेखापरीक्षण भएको र लेखापरीक्षण नभएको वित्तीय नतिजामा धेरै फरक रहेको कुरा औल्याउदै सोमा १ प्रतिशत भन्दा बढीको फरक हुन नहुने जिकिर गर्नुभयो ।

**६. महेन्द्र बहादुर श्रेष्ठ**

विजया दशमी अगाडी नै वार्षिक साधारण सभा गर्न सक्षम भएकोमा धन्यवाद दिदै आजै लाभांश वितरण गर्ने बैंकको रणनिति प्रशंशनीय रहेको बताउनुभयो । शेयरधनीहरुको बोनश शेयर पाउने चाहनालाई बैंकले पुरा गरेकोमा धन्यवाद दिन चाहन्छु । उच्च तरलताको अवस्था रहेकोले लगानी कुन कुन क्षेत्रमा गर्ने भन्ने कुरालाइृ विशेष ध्यान पुऱ्याउनु पर्ने देखिन्छ । यस बैंकले देशको अर्थतन्त्रको मुख्य टेवा मानिने Agri-Tourism Sector लाई बढाउन सहयोग गर्नु पर्दछ । Citizens Tourism Card को व्यवस्था गरि कार्ड प्रणालीबाट पनि यस क्षेत्रलाई सहयोग पुऱ्याउदै कार्ड व्यवसायलाई समेत विस्तार गर्न सहयोग पुग्ने धारणा व्यक्त गर्नुभयो । आगामी दिनहरुमा पनि बैंकले दिन लाभांश वृद्धि हुदै जान्छ भन्ने आशा राखेको बताउनुभयो ।

**७. भक्ति प्रसाद उप्रेती**

५.९५ प्रतिशत नगद लाभांश र १३ प्रतिशत बोनश शेयर बैंकले अहिले सम्म प्रदान गरेको लाभांशमा सबै भन्दा बढी भएको र भविष्यमा अझै बढाउदै लैजाने आशा राखेको बताउनुभयो । निक्षेपमा २५ प्रतिशत वृद्धि हुनुको साथै कर्जा लगानीमा २८ प्रतिशतले तथा खुद मुनाफामा २० प्रतिशतले वृद्धि भएको कुरा औल्याउनु भयो । दुर्गम क्षेत्रहरु डोल्पा, जुम्ला र जाजरकोटमा बैंकले शाखा विस्तार गरेको देखिन्छ, जुन निकैनै सकारात्मक पक्ष रहेको बताउनुभयो । साथै, दुर्गम क्षेत्रमा कार्यरत कर्मचारीहरुको हौसला बढाउनकालागि उचित पुरस्कारहरुको व्यवस्था गनुपर्दछ भन्नेकुरामा जोड दिनुभयो । बैंकको संस्थागत सुशाशन राम्रो रहेको कुरा उल्लेख गर्नुभयो तथा अपलेखित कर्जाबाट ७४ लाख उठाएको कुरा सकारात्मक रहेको जिकिर गर्नुभयो । बैंकको निष्क्रिय कर्जा बढेकोले कर्जा उठाउन छुट्टै विभागको गठन गनुपर्ने आवश्यक देखिएकोमा जोड दिनुभयो ।

**८. नरसिंह लाल चखूँ**

यस बैंकले लगानीकर्ताको हक हितको बारेमा सोचेर १३ प्रतिशत बोनश शेयर र ५.९५ प्रतिशत नगद लाभाशं घोषणा गर्नु भएकोमा धन्यवाद दिदै आगामी दिनहरुमा अझ बढी लाभांश वितरण गर्ने छ भन्ने चाहना रहेको बताउनुभयो । वासलातको आकार हेर्दा राम्रो प्रगति भएको देखिन्छ । बैकले आगामी दिनहरुमा लगानीको साथै Foreign Exchange Mobilization बढाएर ट्रेजरी बाट प्राप्त हुने मुनाफामा वृद्धि गनुपर्ने देखिन्छ । बैंकले आफ्नो शाखा

सञ्जालको साथ साथै शाखा क्रियाकलापको मुल्याङ्कन गर्नु पर्ने पनि जरुरी देखिन्छ । यसका साथै, उहाँले बैंकले आफ्ना कर्मचारीहरुलाई समयानुकुल उचित सेवा सुविधा प्रदान गर्नुपर्छ र उनीहरुको क्षमता बृद्धिकालागी जरुरी तालिमहरु दिनुपर्ने कुरामा जोड दिनुभयो । यस बैंकको Earning Asset Management राम्रो देखिएपनि प्राप्ती मार्फत Equity Multiplier मा केन्द्रित भएर सोलाई थप सुदृढबनाउनुपर्ने कुरालाई समेत जोड दिनुभयो ।

### ९. शिव प्रसाद शर्मा

राम्रो पक्ष हेर्नुपर्दा ५.९५ प्रतिशत नगद लाभांश र १३ प्रतिशत बोनश शेयर वितरण गर्नु प्रशशंनीय रहेको बताउनुभयो । शाखा विस्तार गर्दा शाखा विस्तार गर्ने क्षेत्रमा बैंकको ख्याति कस्तो छ भन्ने कुराको विश्लेषण गरेर मात्र शाखा विस्तार गर्दा राम्रो हुने कुरा जिकिर गर्नुभयो । यस बैंकको नामसँग अन्तराष्ट्रिय शब्द जोडिएकोले नाम अनुसार काम गर्नुपर्दछ । रेमिटेन्स बाट प्राप्त आम्दानी लाई बढाउनु पर्ने देखिन्छ । साना लगानीकर्ताहरुर्ला मध्यजनर गर्दे बोनश शेयर वितरण गर्नु भएकोमा धन्यवाद दिनुभयो ।

### १०. कृष्ण कश्यप

आठौं बार्षिक साधारण सभा फुलपातीको दिन गर्नु शेयरधनीहरुलाई अलिकति कष्टकर भएको जिकिर गर्नुभयो । बैंकका तर्फबाट एस एम एस मार्फत जानकारीहरु छिटो पाईने बैंकको राम्रो पक्ष रहेको बताउनुभयो । शाखा विस्तार गर्नु राम्रो कुरा हो तर शाखा विस्तार गर्दा खर्च के कति बढिरहेको छ भन्ने हेर्नु जरुरी देखिन्छ । Visa International Credit Card जारी गर्न लाग्नु भएकोमा बधाई दिनुभयो ।

### ११. डमरु बल्लभ घिमिरे

यस बैंकले दशै भन्दा अगाडी साधारण सभा गर्ने परम्परा कायम गरेकोमा धन्यवाद दिनुभयो । लगानीकर्ताको हक हितको बारेमा सोच्दै गत बर्षको सुझावलाई मध्यनजर गर्दै १३ प्रतिशत बोनश शेयर दिन सफल हुनु भएकोमा समेत धन्यवाद दिनुभयो । आगामी दिनहरुमा पनि बैंकले शेयरधनीहरुको हकहितको बारेमा विचार पुऱ्याउन विनम्र अनुरोध गर्नुभयो । गत बर्षको सर सल्लाह तथा सुझावहरुको ९० प्रतिशत सर सल्लाह तथा सुझावहरुको कार्यान्वयन गर्नुका साथै दशै भन्दा अगाडी तथा वाणिज्य बैंकहरुमा छिट्टै साधारण सभा गर्ने बैंकको छवि कायम राख्न सफल भएकोमा समेत विशेष धन्यवाद तथा बधाई ज्ञापन गर्नुभयो । वार्षिक प्रतिवेदनको केहि बुढाँहरुलाई अझ खुलाएर प्रस्तुत गर्नहुन अनुरोध गर्नुभयो । आफ्ना शेयरधनीहरुका साथ साथै आफ्ना ग्राहकहरु समक्ष सुचना प्रवाह राम्रो गर्नु भएको बैंक व्यवस्थापनको सराहना गर्नुभयो । यस बैंकको उत्तरोत्तर प्रगतीको कामना गर्दै आफ्नो मन्तव्य टुंग्याउनु भयो ।

### १२.ईश्वर दास कर्माचार्य

वाणिज्य बैकहरुमा छिट्टै साधारण सभा गर्न सफल हुनु भएकोमा धन्यवाद ज्ञापन गर्नु भयो । कडा प्रतिस्पर्धाको वावजुद यस बैंकले राम्रो छवि बनाउन सफल भएकोमा बधाई दिनुभयो । यस बैंकले समकक्षी बैंकहरुको तुलनामा राम्रो छवि प्रकट गरेको पाईयो । यस बैंकले १५ विप्रेषण कम्पनीहरुसँग सम्झौता गरेतापनि यस बैंकको विप्रेषण कारोवारसँग सम्बन्धीत आम्दानी अलि कम रहेका पाईयो । नेपालमा वर्षेनी ६ अर्ब विप्रेषण भित्रिने भएतापनि हाम्रो अंश धेरै नै कम रहेको पाईयो । यो कुरालाई मध्यजनर गर्दै बैंकले कम्तीमा १ प्रतिशत भएपनि विप्रेषण आफ्नो अंशमा पार्ने जोड गर्नु पर्ने दखिन्छ । यस बैंकको व्याज खर्च बढी भएकोले Cost of Fund पनि बढेको देखिन्छ । ब्याज खर्च बढेता पनि ब्याज आम्दानी चाहि सोहि अनुपातमा बढेको देखिदैन, जुन कुरामा विशेष ध्यान पुऱ्याउन हुन अनुरोध गर्नुभयो । साथै, बैंकले भावी कार्यक्रममा लेखिए बमोजिम, म्युचल फण्ड सम्बन्धी कार्य चाँडो शुरु गर्नहुन अनुरोध गर्नुभयो ।

### १३. राम गोपाल महर्जन

यस बैंकले १३ प्रतिशत बोनश शेयर र ५.९५ प्रतिशत नगद लाभांश दिनु भएकोमा धन्यवाद दिनुभयो । बचत खाताहरुमा ब्याज दर कम रहेको छ यो कुरालाई विशेष ध्यान दिन अनुरोध गर्नुभयो । बैंकले भवन निर्माणको कार्य तीव्र गतिमा बिना रुकावत शुरु गर्नुपर्ने कुरामा जोड दिनुभयो । भुक्तानी दिन बाँकी रहेको लाभांशहरुलाई कम गर्न तथा थप बढन नदिन केही ध्यान दिनुपर्ने देखिन्छ । कर्मचारीहरुलाई कामको बारेमा जानकारी प्रदान गर्न विशेष तालिमहरुको व्यवस्था गर्नुपर्ने देखिन्छ । बैंकले हरेक कुराको जानकारी एस एम एस मार्फत प्रदान गर्ने गर्दछ, जुन प्रशंशनीय रहेको छ ।

### १४. बैजु नाथ रेग्मी

यस बैंकले १३ प्रतिशत बोनश शेयर र ५.९५ प्रतिशत नगद लाभांश दिनु भएकोमा धन्यवाद दिनुभयो । अपलेखन गरीएको कर्जा उठाउनु सकारात्मक रहेको बताउनुभयो । केन्द्रिय कार्यालय छिटो बनाउन सल्लाह दिनुभयो । निष्क्रिय कर्जामा बृद्धि भएको हुनाले निष्क्रिय कर्जा उठाउने तर्फ विशेष ध्यान दिनु पर्ने देखिन्छ । बैंकले प्रदान गर्ने एटीएम कार्ड निशुल्क प्रदान गर्ने व्यवस्था मिलाउनु पर्‍यो । आगामी दिनहरुमा पनि राम्रो लाभांश वितरण गनुहुन्छ भन्ने आशा राखेको जिकिर गर्नुभयो ।

### १५. लवराज जोशी

दशैं भन्दा अगाडी साधारण सभा गर्ने यस बैंकको परम्परामा आफ्नै महिमा र गरिमा रहेको र सो आगामी वर्षहरुमा समेत जारी राख्नु पर्ने कुरामा जोड दिनुभयो । शेयरधनीको चाहनालाई, १३ प्रतिशत बोनश शेयर र ५.९५ प्रतिशत नगद लाभांश दिएर, पुरा गरेकोमा धन्यवाद ज्ञापन गर्नुभयो । गत आर्थिक बर्षको साधारण सभामा शेयरधनीहरुले औंल्याएका कमी कमजोरी तथा सुझावहरु मध्यमा कुन कुन सुझाव तथा सर सल्लाहहरु कार्यान्वयन भयो भन्ने कुराको विवरण बनाएर वार्षिक प्रतिवेदनमा उल्लेख गर्नुपर्ने बताउनुभयो । आगामी दिनहरु के कस्ता कार्यक्रमहरु बनाउने तथा Visa Card को लागी के कस्तो Process भईरहेको छ भन्ने कुराको जानकारी विस्तृत रुपमा दिनु पर्‍यो । बैंकले हाईड्रोपावर क्षेत्रमा लगानी नगर्दासम्म फड्को मार्न नसक्ने हुनाले जल विद्युत क्षेत्रमा लगानी बढाउनु पर्ने कुरामा जोड दिनुभयो ।

### १६. चन्द्र नारायण श्रेष्ठ

बैंकसँग सम्बन्धीत सबै पक्षलाई धन्यवाद ज्ञापन गर्नुका साथै, १३ प्रतिशत बोनस शयर र ५.९५ प्रतिशत नगद लाभांश दिईएकोमा कृतज्ञता व्यक्त गर्नुभयो । ग्रैह बैकिङ्ग सम्पत्ति बिक्रीमा देखाईएको करीब ७० लाख नोक्सान नकारात्मक पक्ष रहेको जिकिर गर्नुभयो । बैंकको संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यहरु प्रशंसनीय रहेको जिकिर गर्दै, सो कार्यहरु भक्तपुर जिल्लामा समेत गर्न अनुरोध गर्नुभयो । बैंकले वस्तु उत्पादन उद्योगमा कर्जा प्रवाह बढाउनु पर्नेमा समेत जोड दिनुभयो ।

### १७. नारायण सुन्दर श्रेष्ठ

बैंकका सबै कर्मचारीले तथा व्यवस्थापनले राम्रो काम गरी नाफलाई बढाउन र सवैजना सरोकारवालाहरुसँग मिलिजुली अगाडि बढन जरुरी रहेको कुरा जोड दिनुभयो । सवैजना शेयरहोल्डरले बैकमा खाता खोल्न सम्भव छैन । बैंकले आफ्नो लेखासमिति मार्फत अन्य आ.व.मा लेखापरीक्षकको नाम प्रस्ताव गर्न जरुरी छ । बैंकको संचालनमा आएको ८ बर्ष पुगेको छ र हामीले यो बर्ष ४९ करोड कमाएका छौं । आउँदो आ.व मा ७५ करोड संचालन मुनाफा कमाउन जरुरी रहेको जिकिर गर्नुभयो ।

**१२. सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञांशा एवं प्रश्नहरुको जवाफ :**

बैंकका अध्यक्षज्यूले वार्षिक प्रतिवेदनमा भएकमा त्रुटीहरु देखाउनुका साथै सो सम्बन्धमा दिनु भएका अमुल्य तथा गहन सुझावहरुकालागि शेयरधनी महानुभावहरुलाई धन्यवाद दिदै सुझावहरु सर्व स्वीकार्य भएको र उक्त सुझावहरुलाई मध्यनजर गर्दै आगामी वर्षमा यस्ता गल्तीहरु पुनः नदोहोरिने प्रतिबद्धता जाहेर गर्नु भयो । शेयरधनी महानुभावहरुले भन्नु भएको बिदाको दिनमा साधारण सभा गर्नुको कारणको उत्तर दिदै अध्यक्षज्यूले यस बैंकको दशै भन्दा अगाडी र प्रथम साधारण सभा गर्ने परम्परा भएकोले एकदमै प्रयास गर्दा पनि फुलपातीको दिन भन्दा अगाडी साधारण सभा गर्न नसक्ने स्थिति रहेकोले फुलपातीको दिनमा साधारण सभा गर्नुपरेको जानकारी गराउनु भयो साथै शेयरहोल्डरहरुले विदाको दिनमापनि नगद काउन्टरहरु खुल्ला रहने जानकारी गराउनुभयो । राष्टिय प्राथमिकता क्षेत्रमा बैंकले गरेको सम्बन्धी जिज्ञासा सम्बन्धमा, अध्यक्षज्यूले बैंकले Citizens Fast Track Loan मार्फत २,५०० भन्दा बढी ग्राहकहरुलाई कर्जा प्रवाह गरिसकिएको र सो मूलतः कृषि केन्द्रित रहेको जिकिर गर्नुभयो र साथै बैंकले उर्जा क्षेत्रमा समेत उल्लेख्य कर्जा लगानी गरिसकेको बताउनुभयो । भवन निर्माणमा साधारणतया देखिने ढिलासुस्ती सम्बन्धी प्रश्नमा, अध्यक्षज्यूले भवन निर्माण कार्य समयमानै सम्पन्न हुने प्रतिबद्धता जाहेर गर्नुभयो र सो कार्यको सुनिश्चिततताका लागी समयमा कार्य सम्पन्न गरेबापत उचित पुरस्कार र ढिलाई भएमा जरिवानाको व्यवस्था मिलाईसकिएको बताउनुभयो । बैंकले नेपाल हाउजिङ्ग तथा मर्चेण्ट फाइनान्सलाई गर्न लागेको प्राप्तीपनि सहि दिशामा अघि बढिरहेको बताउदै, अन्य वित्तीय संस्थाहरुसंग समेत प्राप्ती गर्नकालागि कुरा अघि बढीसकेको जिकिर गर्नुभयो । त्यसै गरी बैंकले आफ्नो उच्चस्तरको ग्राहक सेवा, उच्च प्रतिफल, सामाजिक उत्तरदायित्व, संस्थागत सुशाशन, सम्पत्ति गुणस्तर तथा बोनश शेयरलाई बढाउने तथा निरन्तरता दिदै अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

**१३. सभाको निर्णय**

(क) छलफलका लागि निर्धारित प्रस्तावहरु तर्फ

**(क) साधारण प्रस्तावहरु**

**१. अध्यक्षज्यूको मन्तव्य तथा आ.व. २०७०/७१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।**

सभामा प्रस्तुत आ.व. २०७०।७१ को सञ्चालक समितिको प्रतिवेदन सभापतिज्यूले अनुमोदनको लागि सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट अनुमोदन गरि पारित गर्ने निर्णय गर्‍यो ।

**२. लेखापरीक्षकको प्रतिवेदनसहित २०७१ आषाढ मसान्तको वासलात र मिति २०७०/०४/०१ देखि २०७१/०३/३२ सम्मको नाफा नोक्सानीको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरि पारित गर्ने ।**

लेखा परीक्षकको प्रतिवेदन सहितको २०७१ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७०।७१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण पारित गरियोस् भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लेखित सम्पूर्ण वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गर्ने निर्णय गर्‍यो ।

३. **संचालक समितिबाट प्रस्ताव गरे अनुसार ५.९५ प्रतिशत (बोनश शेयर मा लाग्ने कर समेत) का दरले नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।**

सभामा प्रस्तुत सञ्चालक समितिवाट ५.९५ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव गरिएको हुँदा उक्त प्रस्तावलाई स्वीकृत गरियोस भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

४. **बैंकको आर्थिक वर्ष २०७०।७१ का हरहिसाबहरू लेखापरीक्षण गर्नको लागि श्री जे. सन्तोष एण्ड कम्पनी, चार्टड एकाउन्टेन्टस्लाई लेखापरीक्षकको रूपमा नियुक्त गरिएकोमा निजले लेखापरीक्षण कार्य गर्न असमर्थता व्यक्त गरेको हुंदा बैक तथा वित्तीय सस्थासम्बन्धी ऐन २०६३ को दफा ६५ अनुसार संचालक समितिको मिति २०७० चैत्र ३ मा वसेको वैठक नं १४२ वाट बैंकको आर्थिक वर्ष २०७०।७१ का हरहिसाबहरू लेखापरीक्षण गर्नको लागि श्री के.के. बुढाथोकी एण्ड एसोसिएटस्, चार्टड एकाउन्टेन्टस्लाई लेखापरीक्षकको रूपमा गरिएको नियुक्तीलाई अनुमोदन गर्ने र कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७१/७२ को लेखापरीक्षण गर्न लेखा परीक्षण समितिको सिफारिसमा लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

बैंकको आर्थिक वर्ष २०७०।७१ का हरहिसाबहरू लेखापरीक्षण गर्नको लागि श्री जे. सन्तोष एण्ड कम्पनी, चार्टड एकाउन्टेन्टस्लाई लेखापरीक्षकको रूपमा नियुक्त गरिएकोमा निजले लेखापरीक्षण कार्य गर्न असमर्थता व्यक्त गरेको हुंदा बैक तथा वित्तीय सस्थासम्बन्धी ऐन २०६३ को दफा ६५ अनुसार संचालक समितिको मिति २०७० चैत्र ३ मा वसेको वैठक नं १४२ वाट बैंकको आर्थिक वर्ष २०७०।७१ का हरहिसाबहरू लेखापरीक्षण गर्नको लागि श्री के.के. बुढाथोकी एण्ड एसोसिएटस्, चार्टड एकाउन्टेन्टस्लाई लेखापरीक्षकको रूपमा गरिएको नियुक्तीलाई अनुमोदन गर्ने भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट अनुमोदन गर्ने निर्णय गऱ्यो ।

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिले सिफारीस गरे बमोजिम आ.व. २०७०।७१ को लागि लेखा परीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले लेखापरीक्षण समितिले सिफारीस गरे बमोजिम बैंकका लेखा परीक्षकमा श्री के.के. बुढाथोकी एण्ड एसोसिएटस्, चार्टड एकाउन्टेन्सलाई नियुक्त गर्ने र निजको पारिश्रमिकको हकमा लेखापरीक्षण शुल्क, कर लेखापरीक्षण शुल्क, लङ्गफर्म अडिट रिपोर्ट तयार गरेवापतको शुल्क र कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिम प्रतिवेदन समेत तयार गरे बापत एकमुष्ट रुपमा रु. २,७५,००० (मूल्य अभिबृद्धि कर बाहेक) पारिश्रमिक निर्धारण गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

ख. **विषेश प्रस्तावहरु**

१. **संचालक समितिवाट प्रस्ताव गरे बमोजिम १३ प्रतिशत वोनस शेयर वितरण गर्ने र यसरी वोनस शेयर वितरण गर्दा कुनै शेयरधनीले पाउने वोनस शेयर खण्डिकृत हुन आएमा नपुग रकम सम्बन्धीत शेयरधनीले पाउने नगद लाभांशबाट कट्टा गरी वा नगदै जम्मा वा भुक्तानी गरी विद्यमान ५१:४९ पूंजी संरचना परिवर्तन नहुने गरि पूर्णकृत शेयर जारी गर्ने ।**

संचालक समितिवाट प्रस्ताव गरे बमोजिम १३ प्रतिशत वोनस शेयर वितरण गर्ने र यसरी वोनस शेयर वितरण गर्दा कुनै शेयरधनीले पाउने वोनस शेयर खण्डिकृत हुन आएमा नपुग रकम सम्बन्धीत शेयरधनीले पाउने नगद लाभांशबाट कट्टा गरी वा नगदै जम्मा वा भुक्तानी गरी विद्यमान ५१:४९ पूंजी संरचना परिवर्तन नहुने गरि पूर्णकृत शेयर जारी गर्ने सम्वन्धमा सभा समक्ष प्रस्ताव गरिएकोमा सो सभाले १३ प्रतिशत बोनस

शेयर तथा खण्डिकृत भएका शेयरलाई प्रस्ताव गरे अनुरुप नगद लाभांशबाट कट्टा गरी तथा पूँजी संरचना ५१:४९ कायम गर्न ४४,६०६ थप शेयर समेत जारी गरी कुल जारी पूँजी रु. २,३७,९५,३९,८०० हुने गरी प्रबन्धपत्रको दफा ५ को (ख) मा " बैंकको जारी पूँजी रु. २,३७,९५,३९,८००।- (अक्षरेपी रु. दुइ अरब सैतीस करोड पन्चानब्बे लाख उन्नचालीस हजार आठ सय मात्र) हुनेछ । सो पूँजीलाई रु. १००।- का दरले २,३७,९५,३९८ (दुइ करोड सैतीस लाख पन्चानब्बे हजार तीन सय अन्ठानब्बे थान) साधारण शेयरमा विभाजित गरिएको छ । बैंकले तत्काल जारी गर्ने शेयर पूँजी न्यूनतम रु. २,३७,९५,३९,८००।- (अक्षरेपी रु. दुइ अरब सैतीस करोड पन्चानब्बे लाख उन्नचालीस हजार आठ सय मात्र) हुनेछ ।" भनी संशोधन गर्ने निर्णय सर्वसम्मतीबाट पारित गऱ्यो ।

**२. प्रस्तावित बोनश शेयर जारी भए पश्चात पूँजी वृद्धि हुने भएकोले सोही बमोजिम बैकको प्रवन्ध पत्र तथा नियमाबली संसोधन गर्न अनुमति लिनु पर्ने निकायहरुवाट प्राप्त हुन आउने निर्देशन वमोजिम थप घट लगायत आवश्यक संसोधन गर्न संचालक समितिलाई अख्तियार प्रदान गर्ने ।**

प्रस्तावित बोनश शेयर जारी भए पश्चात पूँजी वृद्धि हुने भएकोले सोही बमोजिम बैकको प्रवन्ध पत्र तथा नियमाबली संसोधन गर्न अनुमति लिनु पर्ने निकायहरुवाट प्राप्त हुन आउने निर्देशन वमोजिम थप घट लगायत आवश्यक संसोधन गर्न संचालक समितिलाई अख्तियार प्रदान गर्ने गर्न सभापतीज्युले सभा समक्ष विशेष प्रस्ताव पेश गर्नु भएकोमा सभाले सञ्चालक समितिलाई अख्तियार प्रदान गर्ने निर्णय तथा प्रबन्धपत्रको दफा ५ को (ख) मा निम्नबमोजिम संशोधन गर्ने प्रस्ताव सर्वसम्मतीबाट पारित गऱ्यो ।

**<u>प्रबन्धपत्रको ५ को (ख) सँग सम्बद्ध संशोधन</u>**

| क.स | साविक | संशोधित | कारण |
|---|---|---|---|
| १ | ५. <u>बैकको पूँजीको संरचना :</u><br><br>(ख) बैंकको जारी पूँजी रु. २,१०,१८,४०,०००।- (अक्षेरुपी रु. दुइ अरव दश करोड अठार लाख चालीस हजार मात्र) हुनेछ । सो पूँजीलाई रु. १००।- का दरले २,१०,१८,४०० (दुइ करोड दश लाख अठार हजार चार सय थान) साधारण शेयरमा विभाजित गरिएको छ । बैंकले तत्काल जारी गर्ने शेयर पूँजी न्यूनतम रु. २,१०,१८,४०,०००।- (अक्षेरुपी रु. दुइ अरव दश करोड अठार लाख चालीस हजार) हुनेछ । | ५. <u>बैकको पूँजीको संरचना :</u><br><br>(ख) बैंकको जारी पूँजी रु. २,३७,९५,३९,८००।- (अक्षेरुपी रु. दुइ अरब सैतीस करोड पन्चानब्बे लाख उन्नचालीस हजार आठ सय मात्र) हुनेछ । सो पूँजीलाई रु. १००।- का दरले २,३७,९५,३९८ (दुइ करोड सैतीस लाख पन्चानब्बे हजार तीन सय अन्ठानब्बे थान) साधारण शेयरमा विभाजित गरिएको छ । बैंकले तत्काल जारी गर्ने शेयर पूँजी न्यूनतम रु. २,३७,९५,३९,८००।- (अक्षेरुपी रु. दुइ अरब सैतीस करोड पन्चानब्बे लाख उन्नचालीस हजार आठ सय मात्र) हुनेछ । | नेपाल राष्ट्र बैंकको स्वीकृति तथा वार्षिक साधारण सभाबाट पारित भए अनुसार १३ प्रतिशत बोनश शेयर वितरण गर्दा हुने रकमको साथै उक्त बोनश शेयरलाई पूर्णकृत गरी विद्यमान पूँजी संरचना ५१:४९ लाई यथावत राख्न समायोजन गरिएको हुँदा । |

(ग) **विविध ।**

विविध अन्तर्गत छलफलका लागी अन्य विषय नभएकोले साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए वमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने र बुझाउनु पर्ने निकायहरुमा कम्पनी सचिवले प्रमाणित गरि प्रतिलिपि वुझाउने व्यहोरा सभालाई जानकारी गराईयो ।

**१४. धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै उहाँहरुबाट आवश्यक मार्ग निर्देशन प्राप्त भएकोमा तथा आठौं वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवम् सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा अन्य उपस्थित सबै महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै बिहान ११.०० बजे सभा विसर्जन गर्नुभयो ।

| | |
|---|---|
| -------------- | -------------- |
| गणेश राज पोखरेल | प्रदीपजङ्ग पाण्डे |
| कम्पनी सचिव | अध्यक्ष |